**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**
- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epateekdaily.com

**जनहितमा जारी सन्देश**

वर्षात् कीरा–फटचाङ्ग्रा, साँप–बिच्छी सलबलाउने समय हो। बारी, खेत जाँदा, राति अँध्यारोमा हिंड्दा सतर्क बनौं। सतर्कताले धन जोगाउँछ, ज्यान बचाउँछ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 25 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ८

## माछापालक किसान सस्तो मूल्यमा माछा बिक्री गर्न बाध्य

नरेश यादव, पर्सागढी, ८ भदौ/

पर्सागढी नगरपालिकाका माछापालक किसानहरूले अहिले पोखरीबाट धमाधम माछा मार्दै सस्तो मूल्यमा बिक्री गरिरहेका छन्।

यसो गर्नुको कारण भने अत्यधिक वर्षा हो। निरन्तरको वर्षाले बाढीको सम्भावना बढेको र बाढीले पोखरीको डिल भत्काएर माछा बाहिरिएर घाटा हुने सम्भावनालाई आकलन गर्दै धमाधम माछा मारेर पोखरी रित्याउन लागिपरेका छन्। कथंकदाचित वर्षाले उग्ररूप धारण गरिरह्यो भने बाढी आउने र पोखरीको डिल भत्काएर लाखौं मूल्यको माछा बगाउने हुँदा सो जोखिम लिनुको साटो समयमा नै पोखरी रित्याउनका लागि धमाधम माछा मार्ने कार्य गरिरहेको माछापालक किसान प्रमोद यादव बताउँछन्।



उनले अहिले माछा मार्दा सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता रहे पनि थोरै घाटा बेहोर्नु नै बृद्धिमानी हुने बताउँछन्। अहिले माछा मारेर केही पैसा त आउँछ हैन भने डिल भत्किएर माछा बाहिरिएपछि त्यो पैसा पनि हातबाट जान्छ, किसान यादव भन्छन्।

ठूला पोखरीहरू भाडामा लिएर माछापालन गर्दै आएको तर माछाको बीमा नगरिने कारणले अहिले वर्षायाममा बढी जोखिम रहेको उनले बताए। कम पानी परेको भए माछा मार्नुपर्ने अवस्था नरहेको र एकैपटक छठपछि माछा मार्दा राम्रो आम्दानी हुने भएपनि अहिले निरन्तरको वर्षा र बाढीका कारण माछा मार्नुको विकल्प नरहेको उनी बताउँछन्। उनले अहिले दुई सयदेखि तीन सय रुपैयाँ प्रतिकिलोको दरले पोखरीबाट माछा बिक्री गर्नुपरेको बताए।

सामान्य अवस्थामा पोखरीबाट माछा तीन सयदेखि चार सय रुपैयाँ प्रतिकिलोमा बिक्री हुने गरेको उनले बताए। उनले माछापालक किसानहरूको समस्यामा स्थानीय तह अहिलेसम्म जिम्मेवार नदेखिएको आरोप लगाए। कम्तीमा कृषि बीमा गरिंदा माछाको पनि बीमा गर्ने व्यवस्था भए माछापालक किसानहरूले जोखिम उठाउनु नपर्ने उनी बताउँछन्।

## डुबेर तीनजनाको मृत्यु

प्रस, पर्सागढी, ८ भदौ/

बहुदरमाई नगरपालिका–२ बैरियाका १० वर्षीय सलिम देवान तिलावे नदीमा नुहाउने क्रममा बेपत्ता भएका छन्।

साथीहरूसँग बहुदरमाई मन्दिरनजीक रहेको तिलावे नदीमा नुहाउन गएका देवान नदीमा डुबेर बेपत्ता भएका हुन्। बेपत्ता देवानको खोजी कार्य जारी छ। सशस्त्र प्रहरीको टोलीले खोजी कार्य गरिरहे पनि देवान अहिलेसम्म फेला परेका छैनन्।

देवानसँग कतिजना तिलावेमा नुहाउन गएका थिए भन्नेबारेमा यकीन हुन सकेको छैन। स्थानीयले भने तीनजना रहेको दाबी गरेका छन् तर अन्य हराएकाबारेमा भने प्रहरीमा उजूरी परेको छैन।

*प्रस, सर्लाही/*

सर्लाहीको ब्रह्मपुरीस्थित रामजानकी मठको पोखरीमा डुबेर शनिवार एक बालकको मृत्यु भएको छ। ब्रह्मपुरी गाउँपालिका–२ का छ वर्षीय अङ्कित साहको डुबेर मृत्यु भएको हो।

घरनजीकै पोखरी किनारामा नुहाउन बसेका बालक चिप्लिएर पोखरीमा डुबेको हुन सक्ने जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए। डुबेका बालकलाई स्थानीयले तत्कालै पोखरीबाट बाहिर निकाले पनि बचाउन नसकिएको उनले बताए।

त्यस्तै, सर्लाहीको ईश्वरपुर नगरपालिका–५ सखुवनीस्थित फूलजोर खोलानजीक पानीमा डुबेर एक किशोरको मृत्यु भएको छ।

सखुवनीमा फूटबल खेल्न साथीसँगै आएका ईश्वरपुर नगरपालिका–४ सागरनाथका १७ वर्षीय निशान थापामगरको नुहाउनका लागि खोलानजीकै नदीजन्य पदार्थ उत्खनन गर्न खनिएको खाल्डोमा जाँदा डुबेर मृत्यु भएको हो। खाल्डो गहिरो भएकोले मृतक किशोरको शव निकाल्न गोताखोर मगाउनुपरेको छ।

बर्दिबासस्थित वाहिनीबाट गोताखोर टोली घटनास्थलमा आइपुगेको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनालले बताए।

## जब पानी पर्छ, चोर्नी गाउँ डुबानमा पर्छ

प्रस, परवानीपुर, ८ भदौ/

वीरगंज महानगरपालिका वडा नं ३२ स्थित चोर्नी गाउँ प्रत्येक वर्षको वर्षात्मा डुबानमा पर्ने गरेको छ। गत सातादेखिको पटकपटकको वर्षाका कारण सो गाउँको मुख्य सडकदेखि पूर्वपट्टिको जिरात टोल सधैं डुबानमा पर्ने गरेको टोलवासीले बताए।



बस्ती डुबानमा परेपछि सुरक्षार्थ तथा उद्धार कार्यको लागि खटेका स्थानीय। तस्वीरः प्रतीक

शुक्रवार बिहान १ देखि ८ बजेसम्म परेको अपिरल वर्षाले कियासोत खोला र उत्तरी सरेहको पानी बस्तीमा पसेपछि गाउँ डुबानमा परेको थियो। बिहान ३ बजे करीब चार दर्जन गाउँलेको घरमा पानी पस्दा सबै आत्तिएका थिए। पानी पसेपछि बालबालिका, अन्न, लत्ताकपडा, गरगहनालगायत सुरक्षित स्थानमा राख्न गाउँले व्यस्त थिए।

स्थानीय रामअशिष रामका अनुसार यो समस्या यस वर्षको भदौको मात्रै नभएर हरेक वर्षको हो। उक्त गाउँमा पस्ने पानीको निकासको व्यवस्थापन नभएकोले यस्तो सास्ती खेप्नुपरेको उनले बताए। शुक्रवार साँझ ५ बजेसम्म बस्तीको पानीको निकास नभएपछि सबै गाउँले मिलेर मुख्य सडक नै काटेर पानीको निकास निकालेका थिए।

हिमाल आयरनदेखि बेल्वाको कोनिहिया जाने चोर्नी गाउँको कालोपत्रे सडक कटान गरी पानीको निकास निकालिएको हो। चोर्नीकी उर्मिला देवी भन्छिन्, "हामी कति पीडामा छौं, सरोकारवाला निकाय हेर्न आएको छैन, मुखिया पञ्चलाई फोन गरी बोलाउँदा समेत उहाँहरू आउनुहुँदैन।"

सो वडाका जनप्रतिनिधिहरूसमेत उक्त गाउँको सडक र नाला निर्माणमा उदासीन बनेको गाउँलेको भनाइ छ। वीरगंज महानगर, प्रदेश सांसद, सङ्घीय सांसदको ध्यानाकर्षण हुनुपर्ने र आफूहरूको समस्या समाधान हुनुपर्ने गाउँलेको माग छ।

## महानगरको शिक्षा महाशाखामा व्यापक भ्रष्टाचार –शिक्षक महासङ्घ

प्रस, वीरगंज, ८ भदौ/

नेपाल शिक्षक महासङ्घ वीरगंज महानगर कार्यसमितिले शनिवार पत्रकार सम्मेलन गरी महानगरको शिक्षा महाशाखामा व्यापक अनियमितता भइरहेको आरोप लगाएको छ।

महासङ्घका महानगर अध्यक्ष प्रदीप जैसवालले पछिल्लो समय दरबन्दीको




नाममा शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले शिक्षकहरूसँग आर्थिक लाभ लिएको आरोप लगाए। उनले विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी नभएको, रकम दिने, सिफारिशवाला र नातागोताका शिक्षकलाई प्राथमिकता दिइएको बताए। उनले यसबारेमा महासङ्घले शिक्षा शाखालाई पटकपटक ज्ञापन दिएको तर सुनवाइ नभएको बताए। उनले दरबन्दीबारेमा शिक्षा महाशाखाले अहिलेसम्म स्पष्ट जवाफ नदिएको भन्दै चरणबद्ध आन्दोलनको चेतावनी दिए। उनले शिक्षक दरबन्दी एउटा उदाहरण मात्र भएको र शिक्षा शाखामा विभिन्न समयमा भएका कार्यहरू विवादास्पद रहेको बताए। आव २०७९/८० मा महानगरका सामुदायिक विद्यालयहरूमा वितरण भएका पङ्खा त्यसको अर्को उदाहरण भएको बताए। पङ्खामा भएको भ्रष्टाचार अहिले बिस्तारै उजागर हुँदैछ भन्दै शिक्षा शाखाको अनियमितताविरुद्ध अख्तियारमा पनि उजूरी गरेको जानकारी गराए।

कार्यक्रममा महासङ्घका जिल्ला अध्यक्ष तीर्थ यादवले महानगरले विद्यालयको नाममा पठाउने रकम विद्यालयको खातामा आउने र विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्चिनुपर्नेमा महानगरको शिक्षा महाशाखाले ईपुस्तकालय र आइसिटीको नाममा आफैंले सामान खरीद गरेर पठाएको र ती सामानहरू कमसल भएको दाबी गरे।

यसैगरी, सेनिटरी प्याडमा पनि अनियमितता भएको पत्रकार सम्मेलनमा उठाइएको थियो। गत आवमा सेनिटरी प्याड खरीद नभएको तर चालू आवमा त्यसको विरोध भएपछि भर्खर २० दिनका लागि विद्यालय बन्द भएको बखत सेनिटरी प्याड विद्यालयमा पठाउने कार्य भएको बताइएको छ। वितरण गरिएको प्याड पनि कमसल रहेको केही शिक्षिकाहरूले गुनासो गरेका छन्। प्याड प्रयोग गर्दा चिलाउने, रक्तस्राव नरोकिने र बजारमा पाउनेभन्दा कमसल भएको शिक्षिकाहरूले गुनासो गरेपछि केही प्रधानाध्यापकहरूले जबरजस्ती विद्यालयमा भण्डारण गरिएको प्याड बुझेको भरपाई दिन मानेका छैनन्।

## बाघको आक्रमणमा ज्येष्ठ नागरिकको मृत्यु

प्रस, पंचगावां, ८ भदौ/

जीराभवानी गाउँपालिका–५ सखुनियामा बाघको आक्रमणबाट एकजना ज्येष्ठ नागरिकको मृत्यु भएको छ।

स्थानीय ६० वर्षीय तुलसीराउत थारूको बाघको आक्रमणबाट मृत्यु भएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले बताए। हिजो दिउँसो राष्ट्रिय जङ्गलमा घाँस काट्न गएको बखत थारूलाई बाघले आक्रमण गरेको थियो।

हिजो बाघको आक्रमणमा परेका थारूको दाहिने खुट्टा र बायाँ हात बाघले खाएको अवस्थामा शनिवार बिहान शव फेला परेको थियो।

## जसपाको महानगर समिति विस्तार

प्रस, वीरगंज, ८ भदौ/


'जनतासँग जसपा र जसपासँग जनता' नाराका साथ जनता समाजवादी पार्टी नेपाल केन्द्रीय समितिको निर्णय बमोजिम चार महीने आधारभूत सङ्गठन निर्माण अभियानलाई जसपा, नेपाल पर्साले शनिवार आरम्भ गर्दै निरञ्जन पटेलको अध्यक्षतामा ५१ सदस्यीय वीरगंज महानगर समिति विस्तार गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दीले पार्टीको निर्देशनलाई आत्मसात् गर्दै सङ्गठन निर्माण अभियानलाई तदारूकताका साथ अगाडि बढाइने बताए। उनले पार्टी विभाजनको विषयमा पार्टीमा आउने र जाने क्रम चलिरहने बताए। उनले २०८४ लाई लक्षित गर्न कार्यकर्ताहरूलाई आग्रह गरे।

कार्यक्रममा केन्द्रीय सदस्य फिरोज मन्सुर, वीरेन्द्र यादव, समाजवादी मुस्लिम सङ्घका अध्यक्ष मौलाना नुरुल होदा, जिल्ला अध्यक्ष रामनरेश यादव, उपाध्यक्ष अजय चौरसिया, सचिव तबरेज अहमद, वीरगंज महानगरका वडाध्यक्षहरू मनोज कुर्मी, रितेश गुप्ता, अजय चौरसिया, महबुब एलाही, परशुराम चौरसिया, आशुतोष चतुर्वेदीलगायतको सहभागिता थियो।

**जग्गा बिक्रीमा**

वीरगंज–११ राधेमाई टोलको परसौनी जाने बाटोसँग जोडिएको करीब ५ कट्ठा जग्गा बिक्रीमा रहेको छ। सम्पर्क मोबाइल नं.: ९८१६२४९७००



## विचारसार र सूक्तिहरू

**थोरै आस राखियो भने धेरै खुशी प्राप्त हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अतिचिन्तनमाथि विजय

अतिचिन्तन वा ओभरथिंकिङ मनको नकारात्मक दिशामा कल्पना गर्ने वा सोच्ने अतिवादी स्वरूप हो, जसले गर्दा हामी कुनै परिस्थितिको प्रतिक्रियास्वरूप सीमाभन्दा बढी सोच्दछौं वा भूत र भविष्यबारे सोचेर परेशान हुन्छौं । कुनै कुरा नराम्रो लाग्यो कि त्यसबारे घरीघरी सोच्न थाल्छौं ।

यसले एकातिर व्यक्तिको

**भय, आशङ्का, चिन्ताको मूलमा सक्रिय बढिजसो विचार कल्पित तथा निर्मूल नै हुन्छ । यस्तोमा अतिचिन्तनमा अल्झिनु समझदारी होइन । यस सत्यलाई स्वीकार गर्दै, मनको अत्याउने स्वभावमा अंकुश लगाउने सतत अभ्यास गरौं ।**

कार्यक्षमतालाई प्रभावित गर्दछ भने अर्कोतिर यो बढ्दै गयो भने तन-मनको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्छ र क्रमशः जीवनको सुख-शान्तिका लागि खतरा बन्न पुग्छ। यसका दुष्प्रभावहरूलाई विचार गर्दा यसको कारण र निवारणमाथि विचार अभीष्ट बन्न पुग्छ ।

यो कुनै रोग होइन, अपितु एउटा नकारात्मक बानी हो, जसले मानिसको शारीरिक र भावनात्मक सन्तुलन बिगारेर सामान्य वा स्वस्थ जीवनलाई दुष्कर बनाइदिन्छ । यसलाई सन्तुलित गरिएन भने यसले उद्विग्नता, अवसाद र पैनिक अटैकजस्ता मानसिक अवस्थातिर पुर्‍याइदिन्छ, जसका साथ अनिद्रा, उच्च रक्तचाप तथा तनावजस्ता समस्याहरू जीवनमा ओइरिन थाल्छन् ।

यसका दुष्परिणाम यस प्रकारले परिलक्षित हुन सक्छन्-निर्णय लिनमा कठिनाई, एक्लोपनको भाव तथा अरूको दृष्टिकोण बुझ्न नसक्नु, घरीघरी नकारात्मक विचारहरू दोहोरिनु तथा ती मस्तिष्कमा हावी हुनु र काममा ध्यान केन्द्रित गर्न कठिनाई हुनु ।

निस्सन्देह यस्तो अवस्था स्थायी भयो भने तन-मनमा यसको दुष्प्रभाव पर्छ तथा व्यक्तिको व्यवहार एवं सामान्य जीवन नै दुष्कर बन्न पुग्छ। प्रभावित व्यक्तिलाई भोक कम लाग्छ, उचित निद्रा पनि लाग्दैन। चिन्ता बढ्छ, अत्यास लाग्छ, उच्च रक्तचापको समस्या उत्पन्न हुन्छ तथा व्यक्ति तनाव र अवसादको शिकार बन्न पुग्छ ।

अतिचिन्तन वा ओभरथिंकिङ निवारणार्थ कैयौं उपाय गर्न सकिन्छ । जुन चीज वा व्यक्तिबारे तपाईं अत्यधिक चिन्तन गरिरहनुभएको छ, त्यसबारे विचार गरौं, समाधान सूत्र खोजौं र फेरि दृढतापूर्वक निर्धारित रणनीतिको पालन गरौं । यस प्रकार जुन चीज वा व्यक्ति एउटा समस्याको रूप लिएर तपाईंको मनमा हावी भइरहेको छ, त्यसमा काम गर्न शुरू गरिदिउँ । के पाइन्छ भने तपाईं अतिचिन्तनको भुमरीबाट बाहिर निस्कनुभएको छ ।

यसो विचार गरौं कुन चीज वा व्यक्तिबारे तपाईं अतिचिन्तन वा ओभरथिंकिंङ गरिरहनुभएको छ, त्यसको तपाईंको जीवनमा के अर्थ छ ? यदि त्यसले तपाईंको जीवनमा कुनै किसिमको गुणवत्ता अभिवृद्धि गरिरहेको छैन भने त्यसबारे सोच्न बन्द गरिदिनुस् र जुन काम तपाईंका लागि महत्त्वपूर्ण छ, त्यसैमा आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्नुस् ।

यदि तपाईंसँग केही गलती भएको छ, जसले गर्दा तपाईं दुःखी-परेशान हुनुहुन्छ तथा अपराधबोधले ग्रसित हुनुहुन्छ भने त्यस गलतीबाट प्राप्त सबकलाई गाँठो पारेर अघि बढौं । यसको परिमार्जन गर्नेगरी मनलाई सफा पारौं र आइन्दा बढी सजग एवं सचेष्ट बनौं। यस प्रकार यदि कोही अरूले तपाईंसँग गलत व्यवहार गरेको छ भने त्यसबाट प्राप्त सार-सबक ग्रहण गर्दै उसलाई क्षमा गरिदिउँ र आफ्नो जीवनको सृजन-अभियानमा अगाडि बढौं ।

जीवनमा अप्रत्याशित हानि, वियोग-बिछोड आदि घटनाहरूले मानिसलाई भित्रदेखि नै नराम्ररी हल्लाइदिन्छन्, घरीघरी तीसँग जोडिएका प्रसङ्ग सम्झनामा आइरहन्छन् र मानिस अतिचिन्तनको शिकार भएर तनाव र अवसादको अवस्थामा पुग्छ। यस्तो हुन्छ भने जीवनका यी घटनाहरूलाई व्यापक परिप्रेक्ष्यमा यस प्रकार हेरौं कि नित्य लाखौं-करोडौं मानिस यस्तै प्रकारका घटनाहरू भोगिरहेका छन् ।

जीवनको तात्त्विक स्वरूपलाई बुझ्ने प्रयास गरौं र यथास्थितिलाई स्वीकार गरौं। असल स्वाध्याय गरौं, ज्ञानीजनसँग चर्चा गरौं, आत्मीय शुभचिन्तकहरूसँग सत्सङ्ग गरौं। साथै आफ्नो असल बानी नछाडौं तथा आफ्नो दिनचर्यामा आवश्यक सुधार गरौं एवं नयाँ मित्र बनाऔं। यति गरेपछि तपाईं धेरै हदसम्म बाहिर आउन थाल्नुहुनेछ ।

कैयौंपटक हामी सानासाना कुरालाई मनमा बसाएर राख्छौं र अतिचिन्तनको शिकार बन्न पुग्छौं । यस्तोमा यदि यी चीजहरू महत्त्वपूर्ण छैनन् भने तिनको उपेक्षा गरौं तथा यदि महत्त्वपूर्ण छन् भने उचित समाधान निकालौं, त्यसलाई क्रियान्वित गरौं र अगाडि बढौं ।

अतिचिन्तनबाट बाहिर निस्कने एउटा सरल एवं व्यावहारिक तरीका यो पनि हो कि आफू बसेको ठाउँबाट बाहिर निस्कौं । कुनै नयाँ स्थान वा मन परेको ठाउँमा घुम्न जाउँ। यसले अतिचिन्तनको क्रम चुँडिन्छ, मनको भारी हलुँगो हुन्छ र साथै समस्याप्रति एउटा नयाँ दृष्किोण विकसित हुन्छ तथा यसबाट पार पाउने प्रभावी सूत्र हात लाग्छ ।

यदि यस समस्याबाट निकै परेशान भइरहनुभएको छ भने आफ्ना आत्मीय परिजनलाई भेटौं, यदि टाढा छन् भने फोनमा कुरा गरौं। यदि यो पनि सम्भव छैन भने मनोचिकित्सकको सल्लाह पनि लिन सकिन्छ ।

अतिचिन्तनको एउटा ठूलो कारण कुनै पनि कामलाई सबैभन्दा राम्रो तरीकाले गर्ने भाव पनि हो । सोच्ने यो तरीकाले व्यक्तिलाई जीवनमा सानासाना अपूर्णताहरूप्रति असन्तोषले भरिभराउ पारिदिन्छ र यस्तोमा व्यक्ति नकारात्मक विचारहरूको चपेटमा पर्न जान्छ। अतः यस्ता विचार प्रणालीबाट बाहिर निस्कौं तथा जीवनको व्यावहारिक पक्षमा बढी ध्यान दिउँ ।

यस समस्याबाट बाहिर निस्कनका लागि प्राणायाम र ध्यानको पनि सहारा लिन सकिन्छ। नित्य केही मिनट गहिरो सास लिउँ, प्राणायामको अभ्यास गरौं। साथै केही मिनट ध्यानका लागि निकालौं। यिनका साथ नकारात्मक विचारहरूको शृङ्खला चुँडिने छ, मन सकारात्मक र आशावादी विचारहरूले भरिने छ तथा तपाईं अवाञ्छित विचारहरूको निरन्तर प्रवाहबाट बाहिर निस्कनुहुनेछ।

यस समस्याको सन्दर्भमा ध्यान दिनुपर्ने एउटा कुरा के हो भने यसको मूलमा यथार्थको धरातल निकै हलुँगो हुन्छ । भय, आशङ्का, चिन्ताको मूलमा सक्रिय बढिजसो विचार कल्पित तथा निर्मूल नै हुन्छ । यस्तोमा अतिचिन्तनमा अल्झिनु कुनै पनि किसिमले समझदारी होइन । यस सत्यलाई स्वीकार गर्दै, मनको अत्याउने स्वभावमा अङ्कुश लगाउने सतत अभ्यास गरौं, यसलाई लक्ष्यकेन्द्रित राखौं तथा आफ्नो जीवनको आध्यात्मिक लक्ष्यतर्फ अग्रसर भइरहौं।

# सडक न आकाश, कतै छैन सुरक्षित यात्रा

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**साना सवारीसाधनलाई हेपेर चलाउने, क्षमताभन्दा बढी यात्रु कोच्ने, सडक नियम र सङ्केतको पालना नगर्नेजस्ता लापरवाही दुर्घटनाका कारण हुन् । सवारीसाधनको अवस्था, आकार, प्रकार, यन्त्र, ब्रेक, हर्न, बडी, भारवहन क्षमता, सवारीको गतिजस्ता मापदण्डको पालना कानूनमा मात्रै सीमित छन् ।**

भदौ ७ गते ४३ जना यात्रु बोकेर पोखराबाट काठमाडौं जाँदै गरेको भारतीय पर्यटक बस तनहुँको आँबुखैरेनीनजीकै सडकबाट मर्स्याङ्दी नदी किनारमा खस्दा २७ जनाको ज्यान गयो । १६ जनाको अहिले काठमाडौंको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचार भइरहेको छ। त्यही दिन नारायणगढ-मुङ्लिन सडकखण्डको सत्र किलो भन्ने ठाउँमा पहिरो खस्दा बस पल्टियो । त्यो घटनामा १९ जना घाइते भए । त्यस अघि असारको २८ गते सोही सडकको सिमलताल भन्ने ठाउँमा पहिरोले बगाएका दुईवटा बसको भग्नावशेष अझै फेला पार्न सकिएको छैन। नेपाली सुरक्षाकर्मीको दक्षताले खोजी कार्य प्रभावकारी भएन भन्दै भारतीय गोताखोर झिकाइयो, तर केही पत्ता लागेन। सरकारले खोजीका लागि चीन सरकारलाई पत्राचार गरेको समाचार आएका थिए । तर दुर्घटनामा बेपत्ता भएका २५ जना मानिस अझै फेला परेका छैनन्। मृत्यु भएको ठानेर परिवारजनले काजकिरिया गर्नुपरेको छ ।

नेपालमा प्रति एक लाख जनसङ्ख्यामा १४ जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले देखाएको थियो । नेपाल प्रहरीका अनुसार बितेका १० वर्षमा नेपालमा सडक दुर्घटनामा परेर २४ हजार ९५ जनाले ज्यान गुमाएका छन् । यो सङ्ख्यालाई आधार मान्दा दैनिक औसत सातजनाको ज्यान जाने गरेको छ। १० वर्षमा नेपालमा साना र ठूला दुई लाख ६० हजार दुर्घटना भए । यो अवधिमा ५० हजारजनाभन्दा बढी मानिस गम्भीर घाइते भए। बितेको वर्ष मात्रै दुई हजार ३६० जनाले सडक दुर्घटनामा मृत्युवरण गरे ।

बितेको साउन ९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखराको लागि उडेको सौर्य एअरलाइन्सको विमान उडेको एक मिनेट पनि नबित्दै विमानस्थलमैं खस्यो। चालकबाहेक अन्य सबै १८ जनाको ज्यान गयो । नेपाली आकाशमा हवाई उडानको ७५ वर्षको अवधिमा ७० वटा विमान दुर्घटना भइसकेका छन् । तथ्याङ्कले प्रत्येक वर्ष एउटा हवाई दुर्घटना भएको देखाउँछ । ती दुर्घटनामा ९६४ जनाको ज्यान गएको सरकारी आँकडा छ । हेलिकप्टर दुर्घटनामा बेग्लै एक सयजनाभन्दा बढी मानिसको मृत्यु भएको तथ्याङ्क छ ।

हामीकहाँ सडक र आकाश दुवै असुरक्षित भए । यी सेवाको तिनको गुणस्तर र मापदण्डलाई बेवास्ता गरिंदा असुरक्षित यात्राको बाध्यता मात्र छैन, हजारौं मानिसले अकालमैं ज्यान गुमाउनुपरेको छ। बर्सेनि सडकमार्गको तथ्याङ्क बढेसँगै सडक दुर्घटना र त्यसबाट क्षतिको ग्राफ पनि बढेको छ । विसं २००७ मा करीब ३७० किलोमिटर रहेको नेपालको सडक अहिले एक लाख किलोमिटर नाघिसकेको छ । योमध्ये ३२ हजार किलोमिटर सडकमा बाह्रै मास सवारीसाधन चल्छन् । सडक र यात्रुको सुरक्षालाई पूरै बेवास्ता गरिएको छ। यतिसम्म कि सवारीको सुरक्षालाई चुनौती दिने खालका गतिविधिमा यातायात व्यवसायीको सिन्डीकेटका अगाडि सरकार लाचार बनेका उदाहरणहरूको कमी छैन ।

विश्व स्वास्थ्य सङ्गठनको अध्ययन अनुसार विश्वमैं सडकमा हुने दुर्घटनामा दैनिक तीन हजार छ सय मानिसको मृत्यु हुने गरेको छ। वर्षैपिच्छे दुई करोडदेखि पाँच करोडसम्म मानिस घाइते भएका हुन्छन्। यसमा पैदलयात्री, साइकलयात्री र मोटरसाइकल यात्री बढी पर्ने गरेका छन्। पाँच वर्षदेखि २९ वर्ष उमेर समूहका अधिकांश मानिसको मृत्युको कारण सवारी दुर्घटना हो । नेपालजस्ता अल्पविकसित देशमा दुर्घटना बढी हुन्छन्। दुर्घटनामा मृत्यु हुनेमध्ये ९० प्रतिशतभन्दा बढी यस्तै देशका पर्छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको यातायात सुधार सुझाव कार्यदलको प्रतिवेदन २०८० ले नेपालमा सडक दुर्घटनामा पर्नेमा मोटरसाइकल चालकहरू धेरै देखिएको बताएको थियो। प्रहरीले पनि अधिकांश दुर्घटना मोटरसाइकलसँग सम्बन्धित रहेको बताउने गरेको छ। नेपालमा प्रति १० जनामा एकजनासँग मात्र सवारीसाधन छ । तर पनि बर्सेनि तीन हजारजति मानिसको मृत्युको कारण सवारी दुर्घटनासँग सम्बन्धित हुनु भनेको नसर्ने महामारीजस्तै भएको मत विज्ञहरूको छ। निम्न आय भएका देशले सडक दुर्घटनाको कारण कुल गार्हस्थ्य उत्पादनको करीब पाँच प्रतिशतको आर्थिक क्षति बेहोर्छन् । यसबाट प्रभावित परिवारको आर्थिक, सामाजिक र मनोवैज्ञानिक क्षतिको कुनै लेखाजोखा छैन ।

सीमित स्रोत साधनमा बढी विकास गर्नुपर्ने बाध्यताका कारण पूर्वाधारको गुणस्तरमा गरिने सम्झौता दुर्घटनाको कारण बनेका छन् । दुर्घटनाको दोष चालकमाथि थोपरिन्छ, तर थोत्रा सवारीसाधन र सडकको दुरवस्था पनि दुर्घटनाका कारण हुन् । गत असार २८ मा चितवनको सिमलतालमा गएको पहिरोमा परी दुईटा बस त्रिशूलीमा बगेपछि बनेको छानबीन समितिले स्थानीय सरकारले सडक निर्माणमा गरेका लापरवाहीलाई त्यो दुर्घटनाको कारणको रूपमा औंल्याएको थियो । भरतपुर महानगरले भीर खोतलेर बनाएका सडक त्यो दुर्घटनाको जिम्मेवार रहेको निष्कर्ष निकालेको थियो ।

यातायात सुधार सुझाव कार्यदलको प्रतिवेदनले दुर्घटनाका मुख्य पाँच कारण औंल्याएको थियो । मानवीय, यान्त्रिक, सडक, सडक प्रयोगकर्ता र मौसमलाई दुर्घटनाको कारण भनिएको छ । चालकको ज्ञान, सीप र क्षमता, शारीरिक र मानसिक अवस्था, पैदल यात्रुको सजगतालाई मानवीय कारण ठानिएको छ। हामीकहाँ सवारी चालक अनुमतिपत्र प्राप्तिमा हुने घूसको चलखेल चालकको अदक्षताको मुख्य कारण हो। चालक अनुमतिपत्र हात परे पनि सडक अनुशासनका बारेमा ती चालक बेखबरजस्तै हुन्छन् । सडकमा सवारी चलाउँदा अरूप्रति राख्नुपर्ने सद्भाव के हो ? तिनीहरूलाई कुनै मतलब हुँदैन । चालकलाई यसबारेमा शिक्षित गर्नु र सवारी अनुशासन पालना भए/नभएको अनुगमन गरिनुपर्छ। सवारी तथा यातायात व्यवस्था ऐन २०४९ ले लामो दूरीमा चल्ने सवारीसाधनमा दुईजना चालक अनिवार्यरूपमा राख्नुपर्ने व्यवस्थाका साथै प्रत्येक चार घण्टामा थकाइ मेट्ने, चालक परिवर्तन गर्नेलगायतका व्यवस्था गरेको छ। तर यसको पालना छैन ।

साना सवारीसाधनलाई हेपेर चलाउने, क्षमताभन्दा बढी यात्रु कोच्ने, सडक नियम र सङ्केतको पालना नगर्नेजस्ता लापरवाही दुर्घटनाका कारण हुन्। सवारीसाधनको अवस्था, आकार, प्रकार, यन्त्र, ब्रेक, हर्न, बडी, भारवहन क्षमता, सवारीको गतिजस्ता मापदण्डको पालना कानूनमा मात्रै सीमित छन् । सडकको भौतिक अवस्था, सङ्केत र बारहरू, सडकको प्रयोग, सडकमा चौपायाको उपस्थितिजस्ता कारणले पनि दुर्घटना हुन्छन् । अधिकांश सडकमा सर्भिस लेन नहुनु, फूटपाथ, फ्लाईओभरजस्ता आधारभूत मापदण्ड पूरा नगरिनुले सडकमा पैदलयात्रीहरू असुरक्षित छन् । मौसमको अवस्था, बाढीपहिरोको पूर्वानुमान र सूचनाको प्रवाहले भूमिका खेलिराखेको हुन्छ ।

दुर्घटना भइसकेपछि घाइतेलाई दक्ष व्यक्तिबाट उपचारको पहुँचमा लैजाने प्रबन्ध नहुँदा घाइतेमध्ये ५४ प्रतिशतको ज्यान जाने गरेको छ। एक त दुर्घटना भइहालेमा उद्धार गर्नेभन्दा रमिता हेर्ने र भिडियो बनाउने होड शुरू हुन्छ, त्यसमा कसैले उदार गरिहाले पनि घाइतेलाई कसरी सुरक्षितरूपमा अस्पतालसम्म लैजाने भन्ने ज्ञान हुँदैन । रिक्शा, टेम्पो, ट्याक्सी जे भेटयो त्यसैमा राखेर अस्पताल पुर्‍याउँदा बाटैमा ज्यान जाने गरेको छ। दुर्घटनाको सूचना दिने विशेष ठाउँ र सूचना पाउनासाथ स्वास्थ्यकर्मी टोलीले उद्धार गरिहाल्ने संयन्त्र बनाउन जरुरी छ। यसका लागि सवारी सुरक्षाको लागि एउटा स्वायत्त निकाय बनाउनुपर्छ । अहिले प्रहरी जनशक्तिबाट काम चलाइएको छ ।

दुर्घटना शून्य हुन्छ भन्ने होइन, तर व्यवस्थापकीय त्रुटिको मूल्य आम नागरिकले ज्यान दिएर चुकाइराख्नुपर्ने स्थिति मान्य हुँदैन। सडक दुर्घटना होओस् कि हवाई दुर्घटना यी सबैमा अहिलेसम्म मानवीय त्रुटिलाई मात्र दोष दिएर सामान्यीकरण गरिन्छ । दुर्घटना छानबीनका लागि बनाइने आयोगका प्रतिवेदन कार्यान्वयन नगरी थन्काइने गरेको नयाँ गुनासो होइन । यो एक प्रकारले दुर्घटनालगत्तै आलोचनाबाट बच्ने उपाय मात्र हो । यी छानबीनले पनि औसतरूपमा मानवीय त्रुटिलाई नै कारण देखाएर सुझावका केही बुँदा पेश गर्ने र प्रतिवेदन थन्क्याउने प्रवृत्तिको पुनरावृत्ति भइराखेको छ । परिणाम, हवाई सुरक्षामा अपेक्षित सुधार नहुँदा नेपाली आकाश र सेवा युरोपियन युनियनले कालोसूचीबाट हटाएको छैन। सन् २०१३ देखि अहिलेसम्म नेपालको उडानलाई कालोसूचीबाट नहटाउनुका पछाडि घातक दुर्घटनाहरूलाई कारण मानिएको छ । भोलि सडकमा पनि यो स्थिति नहोला भन्न सकिन्न ।

# आवश्यक कर्मचारी नहुँदा जनलोकपाल आयोग कामविहीन

जनकपुरधाम, ८ भदौ/रासस

जनलोकपाल आयोगलाई आवश्यक स्रोतसाधन एवं जनशक्तिको अभाव भएको छ। मधेस प्रदेश सरकारले प्रदेशमा सुशासन कायम गर्ने उद्देश्यले तीन वर्ष अगाडि उक्त आयोग स्थापना गरेको थियो।

साथै प्रदेश सरकारले जनगुनासोलाई सम्बोधन गर्न उक्त आयोगको परिकल्पना गरेको थियो । आयोगका अध्यक्ष रामसहाय राय यादवले भने, “आफूले आयोगको जिम्मेवारी सम्हालेको तीन वर्ष पूरा हुन लाग्यो। सुशासन प्रवर्द्धनका क्षेत्रमा चाहे जति काम गर्न सकेको छैन। आयोगको मुख्य उपलब्धि देखाउन नपाउँदा मन दुःखी भएको छ।” प्रदेश सरकारले नै ‘आयोग सक्षम होस्’ भनेर नचाहेको जस्तो देखिएको उनले गुनासो गरे ।




आयोगका सदस्य राजकिशोर साहले प्रदेशमा सुशासन कायम गर्न आयोगले चाहेजस्तो कार्यसम्पादन गर्न नसकेको बताए । उनले भने, “प्रदेश सरकारले आयोगलाई सुदृढ बनाउन आवश्यक स्रोतसाधन उपलब्ध गराउनुपर्छ । स्रोतसाधन उपलब्ध नगराउँदा कामविहीन भयौं।” आयोगमा दर्ता हुने उजूरीमाथि आवश्यक छानबीन गर्ने तथा आवश्यक देखिएमा थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सिफारिश गर्ने नीति उक्त आयोगको रहेको बताइएको छ । आयोगको तीन वर्षका अवधिमा ४२ वटा उजूरी दर्ता भएको आयोगले जनाएको छ।

जनशक्ति अभावमा आयोगले ती उजूरीमाथि अनुसन्धान गर्न नसकेको आयोगले जनाएको छ । ३३ जना कर्मचारीको दरबन्दी रहेको सो आयोगमा एक कम्प्युटर अपरेटर मात्र कार्यरत छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# तालिबानद्वारा महिलालाई सार्वजनिकरूपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध

काबुल, ८ भदौ/एएनआई

तालिबान सरकारले महिलालाई सार्वजनिकरूपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध गर्ने नयाँ कानून लागू गरेको ग्लोबल न्यूजले जनाएको छ। यो कानूनले अफगानिस्तानमा महिलाको जीवन अझ सीमित गर्ने भएको छ।

अफगानिस्तानमा तालिबानको कब्जापछि सन् २०२१ मा स्थापना भएको "सद्‌गुणको प्रचार र दुराचारको रोकथाम" मन्त्रालयले बुधवार नयाँ कानून जारी गरेको हो।

११४ पृष्ठको कानूनी दस्तावेजले अफगानिस्तानको सार्वजनिक जीवनका पक्षहरूलाई समेटेको छ।

मन्त्रालयका प्रवक्ता मौलवी अब्दुल गफर फारूकले बिहीवार भने, "हामी आश्वासन दिन्छौं कि यो इस्लामिक कानूनले सद्‌गुणको प्रवर्द्धन र दुराचार उन्मूलनमा ठूलो मदत गर्नेछ।"

दस्तावेजको धारा १३ मा महिलाले सार्वजनिकरूपमा प्रस्तुत हुँदा कसरी लुगा लगाउनुपर्छ र कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराको व्याख्या गरिएको छ।

महिलाले आफू प्रलोभनमा नपर्न र अरूलाई प्रलोभनमा नपार्न सार्वजनिक रूपमा प्रस्तुत हुँदा अनुहारसहित आफ्नो सम्पूर्ण शरीर ढाक्न आवश्यक रहेको नयाँ कानूनले जनाएको छ। महिलाहरूले सामान्यतया लगाउने हिजाब जसले कपाल र घाँटी मात्र ढाक्छ, अब नयाँ कानून अनुसार स्वीकार्य नभएको ग्लोबल न्यूजले जनाएको छ।

महिलाको आवाज बढी 'लालायित' हुने व्याख्या गर्दै नयाँ कानूनले अब महिलालाई सार्वजनिकरूपमा गाउन वा चर्को स्वरमा बोल्न निषेध गरेको छ।

महिलालाई रगत वा विवाहद्वारा सम्बन्धित नभएका पुरुषलाई हेर्ने अनुमति नभएको व्याख्या नयाँ कानूनले गरेको छ।

यी नियमहरू उल्लङ्घन गर्दा सजायस्वरूप सम्पत्ति जफत वा तीन दिनसम्म हिरासतमा राख्न सकिने चेतावनी दिइएको छ। मन्त्रालयले पहिले नै समान नैतिक मापदण्डहरू लागू गर्दै यसको उल्लङ्घनका लागि हजारौंलाई हिरासतमा लिएको छ।

ह्युमन राइट्स वाचको महिला अधिकार विभागका सहयोगी निर्देशक हिथर बारले नयाँ नियमको टिप्पणी गर्दै भने, "यी नियमहरू पहिले नै थिए तर औपचारिक थिएनन्, अब औपचारिक बनाइएको छ। मलाई लाग्छ, यो हामीले विगत तीन वर्षदेखि देखिरहेका कुराको सङ्केत हो, दमनको क्रमिक वृद्धि हो।"

तालिबानले अफगानिस्तान कब्जा गरेदेखि महिलाको स्वतन्त्रतामा कडा प्रतिबन्ध लगाउँदै आएको छ। सन् २०२२ मा तालिबानले महिलाहरूलाई कक्षा ६ भन्दा माथि विद्यालय जानबाट प्रतिबन्ध लगाएको थियो।

त्यसैगरी, सन् २०२२ मा तालिबानले महिलालाई गैरसरकारी संस्था (एनजिओ)मा काम गर्न प्रतिबन्ध लगाएको थियो। ग्लोबल न्यूजसँग कुरा गर्ने एक महिलाले एनजिओमा जागीर गुमाएपछि आफ्नो परिवार गरीबीमा डुबेको बताएकी छन्।

"म मेरो परिवारको आर्थिक भार बोक्ने एकमात्र आधार हुँ। हामी परिवारमा चारजना मात्रै छौं– म, मेरी बहिनी र मेरा आमाबुबा। मेरो बुबा अहिले बिरामी हुनुहुन्छ। हामीलाई बिहान–बेलुका खान पनि समस्या छ," उनले भनिन्।

महिलामाथि लगाइएको नयाँ प्रतिबन्धका अतिरिक्त बुधवार पारित भएको कानूनले सङ्गीत बजाउन पनि निषेध गरेको छ। यसले पुरुषलाई दाह्री काट्न पनि निषेध गरेको छ। यस कानूनले चालकहरूलाई पुरुष अभिभावकविना महिलालाई ओसारपसार गर्न निषेध गरेको छ।

गत महीना संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनले मन्त्रालयले आफ्नो आदेश र कार्यान्वयन विधिमार्फत अफगानीबीच डर र धम्कीको वातावरणलाई बढावा दिइरहेको सङ्केत गरेको थियो।

तालिबानले संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनलाई अस्वीकार गरेको छ। रासस


तस्वीर: फाइल/एजेन्सी

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भाग्योदय | वृष | अलमल |
| मिथुन | मनोरञ्जन | कर्कट | सफलता |
| सिंह | ईश्वरभक्ति | कन्या | रोगभय |
| तुला | नारीसुख | वृश्चिक | कडाश्रम |
| धनु | चोरभय | मकर | भयचिन्ता |
| कुम्भ | मित्रमिलन | मीन | कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# जर्मनीमा आयोजित महोत्सवमा छुरा आक्रमण तीनजनाको मृत्यु

सोलिनजेन, जर्मनी, ८ भदौ/एएफपी

पश्चिमी जर्मनीको सोलिनजेन शहरमा शुक्रवार आयोजित एक उत्सवमा छुरा आक्रमण हुँदा तीनजनाको मृत्यु हुनुका साथै चारजना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

प्रहरीले संदिग्ध आक्रमणकारीको खोजी जारी राखेको बताएको छ। "अहिलेसम्म आतङ्ककारीबारे कुनै विस्तृत विवरण छैन, प्रहरीले फोटो र भिडियोसहित अनलाइन पोर्टलमार्फत शुक्रवार राति भएको आक्रमणको जानकारी खोजिरहेका छौं," डुसेलडोर्फ शहरका एक प्रहरी प्रवक्ताले बताए।

आक्रमणको लगत्तै विशेष प्रहरी बलको टोली हेलिकप्टरसहित घटनास्थलमा पुगेको थियो।

आक्रमणकारीले "मानिसहरूलाई अन्धाधुन्ध छुरा प्रहार गरेको" बिल्ड दैनिकले जनाएको छ।

सोलिनजेन शहरको ६५०औं वार्षिकोत्सवका अवसरमा आयोजित महोत्सवमा यो आक्रमण भएको हो।

सोलिनजेनका मेयर टीम–ओलिभर कुर्जबाचले घटनाबाट सम्पूर्ण शहर स्तब्ध भएको बताए।

"हामी सबै मिलेर शहरको वार्षिकोत्सव मनाउन चाहन्थ्यौं तर अहिले यस अप्रिय घटनामा मृत्यु हुनेप्रति शोक व्यक्त गरिरहेका छौं," कुर्जबाचले भने।

कुर्जबाचले घटनास्थलमा गरेको कामको लागि आपत्कालीन सेवालाई धन्यवाद दिए र आक्रमणको प्रत्यक्षदर्शीप्रति सहानुभूति प्रकट गरेका छन्। रासस





**पशुचौपायालाई काञ्जी हाउस लगिँदै:** नेपालगंज उपमहानगरपालिकाले नगरमा छाडा छाडिएका ६४ वटा पशुचौपाया वडा नं २१ बिर्तास्थित काञ्जी हाउसमा लग्दै। तस्बिर: राकेशकुमार मिश्र/रासस

# एक महीनामा तीन अर्ब ४६ करोड ६३ लाखको 'स्मार्टफोन' आयात

काठमाडौं, ८ भदौ/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो महीना नेपालले कुल रु एक खर्ब ४० अर्ब ६० करोड ३२ लाख बराबरको वैदेशिक व्यापार गर्दा रु एक खर्ब १६ अर्ब १५ करोडको घाटा बेहोरेको छ। भन्सार विभागले सार्वजनिक गरेको चालू आवको पहिलो महीनाको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्क अनुसार गत साउनमा नेपालले रु एक खर्ब २८ अर्ब ३७ करोड ७१ लाख बराबरको वस्तु आयात गर्दा रु १२ अर्ब २२ करोड ६१ लाखको मात्रै निर्यात गरेको हो।



विभागका अनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालू आवको पहिलो महीनामा आयात शून्य दशमलव ६७ प्रतिशतले घटेको छ भने निर्यात नौ दशमलव ६३ प्रतिशतले घटेको छ। गत साउन महीनामा नेपालले भारतसँग मात्र रु ७० अर्ब १० करोड ४२ लाख बराबरको व्यापार घाटा बेहोरेको विभागले जनाएको छ।

चालू आवको पहिलो महीनामा भारतबाट रु ७७ अर्ब ६८ करोड ३१ लाख बराबरको सामान आयात हुँदा रु सात अर्ब ५७ करोड ८८ लाखको निर्यात भएको हो। नेपालले दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने अर्को छिमेकी मुलुकसँग यस अवधिको व्यापार घाटा रु २४ अर्ब ३८ करोड ४७ लाख बराबर छ। गत साउनमा चीनबाट रु २४ अर्ब ५४ करोड २३ लाखको सामान आयात हुँदा रु १५ करोड ७६ लाख बराबरको मात्रै निर्यात भएको हो। कतार, युक्रेन, अस्ट्रेलिया, बहराइन, मलेशियालगायतका मुलुकसँग पनि नेपालको व्यापार घाटा उच्च छ।

चालू आवको पहिलो महीनामा नेपालले वैदेशिक व्यापार गरेका मुलुकहरूमध्ये १३ मुलुकसँग भने व्यापार नाफा छ। सबैभन्दा धेरै संयुक्त अधिराज्यसँग रु १८ करोड ३४ लाख ६६ हजार बराबर व्यापार नाफा देखिएको हो। अफगानिस्तान, बेल्जियम, रूस, मरिससलगायत मुलुकसँग व्यापार नाफा देखिएको छ।

नेपालले बढी आयात गर्ने वस्तुहरूमा पेट्रोलियम पदार्थ, फलामजन्य वस्तु, स्मार्टफोन, कच्चा सूर्यमुखी तेललगायत छन्। गत एक महीनामा मात्र नेपालले रु छ अर्ब ९८ करोड ७१ लाख बराबरको डिजेल, रु पाँच अर्ब ६९ करोड ३५ लाख बराबरको पेट्रोल र रु चार अर्ब ८२ करोड ६६ लाख बराबरको खाना पकाउने ग्याँस आयात गरेको छ। त्यस्तै, साउनमा रु तीन अर्ब ४६ करोड ६३ लाख बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ। नेपालले बढी निर्यात गरेका वस्तुहरूमा भने कार्पेट, चिया, स्टील, धागोलगायत छन्। गत साउनमा नेपालले रु एक अर्ब ११ करोड ७५ लाख बराबरको कार्पेट निर्यात गरेको छ।

# अन्डाको माग बढ्यो, मूल्य बढाइयो

चितवन, ८ साउन/रासस

भदौ लागेपछि अन्डाको माग बढेको छ। साउनमा व्रत बस्ने र चोखो खाने धार्मिक मान्यतालगायतका कारण अन्डाको उपभोग घटेकामा भदौ लागेसँगै माग बढेको व्यवसायीले बताएका छन्।

दाउन्ने एग्रो फार्म लिमिटेडका कार्यकारी निर्देशक विनोद पोखरेलले भदौ लागेसँगै अन्डाको माग बढेको बताए। उनका अनुसार माग बढेसँगै फार्महरूले अन्डाको मूल्य बढाएका छन्। वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उत्पादकले मात्रै मूल्य तय गर्न निर्देशन गरेपछि फार्महरूले आफैं मूल्य निर्धारण गर्ने गरेका छन्।

पोखरेलका अनुसार आजदेखि बिक्री मूल्य बढाइएको छ। दाउन्ने एग्रो फार्मले चितवनलाई आधार बनाएर एक्सल अन्डा प्रतिक्रेट (३० वटाको) रु ५०५ तय गरेको छ। ठूलो अन्डा रु ४९५ र मध्यम अन्डाको मूल्य रु ४२५ तोकिएको छ।

हिमचुली पोल्ट्री फार्मका अध्यक्ष राजेन्द्र लामिछानेले आफ्नो फार्मले पनि अन्डाको मूल्य बढाएको बताए। उनले एक्सेल अन्डाको मूल्य प्रतिक्रेटमा रु पाँच, ठूलो र मध्यमको रु १० ले बढाइएको बताए। सबै फार्मले मूल्य बढाएको उनले जानकारी दिए। लामिछानेले भने, "मूल्य बढ्दा पनि लागत मूल्यमा पुग्न अझै

(बाँकी अन्तिम पातामा)



**हलगोरुको प्रतिमा:** सर्लाहीको ईश्वरपुर नगरपालिका–६ स्थित बयलबास बजारको चोकमा निर्माण गरिएको हलगोरु (जोडा बयल)को प्रतिमा। ठूलो मात्रामा पशुचौपाया ल्याएर किनबेच गरिने यस बजारको नाम गोरु (बयल) बजारबाट बयलबास हुन गएको स्थानीय बताउँछन्। तस्बिर: सिंगबहादुर थापा/रासस

# जसपा नेपालको चार महीने अभियानको तयारी पूरा

प्रस, जनकपुरधाम, ८ भदौ/

जनता समाजवादी पार्टी (जसपा) नेपालको 'जनतासँग जसपा नेपाल, आधारभूत सङ्गठन निर्माण अभियान' को सम्पूर्ण तयारी पूरा भएको सो पार्टीले जनाएको छ।




जसपा नेपाल केन्द्रीय कार्यालय र प्रदेश कार्यालयहरूले शनिवार अभियानबारे छुट्टाछुट्टै जानकारी गराएका हुन्। अभियानको भदौ ९ गते आइतवार विधिवत् घोषणा हुने भएको छ। अभियानको सुरुआतमा बाग्मती प्रदेश अन्तर्गतका सबै जिल्ला र काठमाडौंमा उपलब्ध केन्द्रीय अभियन्ताहरूको भेला आइतवार केन्द्रीय कार्यालयमा बोलाइएको हुँदा प्रदेशस्थित अभियन्ताहरू शनिवार नै सङ्घीय राजधानीतर्फ प्रस्थान गरेका छन्।

उनीहरूलाई अभियानको उद्देश्य र लक्ष्यबारे प्रशिक्षण दिंदै पार्टी अध्यक्ष उपेन्द्र यादवले आइतवार नै अभियानको उद्घाटन गर्ने कार्यक्रम तय भएको सो पार्टीले जनाएको छ।

काठमाडौंबाट चार महीने अभियानको उद्घाटन हुने समारोह आयोजना समितिका सदस्य नेता पूर्ण बस्नेतले जानकारी दिएका छन्।

सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाका लागि मधेस प्रदेशको जनकपुरमा भदौ १५ गते अभिमुखीकरण कार्यक्रम हुने भएको छ। त्यसैगरी, रौतहट, बारा, पर्सा र मकवानपुरसमेतका अभियन्ताका लागि भदौ १६ गते वीरगंजमा अभिमुखीकरण कार्यक्रम राखिएको जसपा नेपालले जनाएको छ।

उता कोशी प्रदेशको विराटनगरमा भदौ १८ गते अभियन्ताहरूको अभिमुखीकरण कार्यक्रम आयोजना हुनेछ भने लुम्बिनी प्रदेशका लागि भैरहवामा भदौ २३ गते र नेपालगंजमा भदौ २४ गते अभिमुखीकरण कार्यक्रम तय भएको सञ्चारकर्मीहरूलाई जानकारी दिइयो।

भैरहवामा नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङका अभियन्ताका लागि र नेपालगंजमा बाँके, बर्दिया तथा कर्णाली प्रदेशका अभियन्ताहरूलाई अभिमुखीकरणमा सहभागी गराइनेछ। गण्डकी प्रदेशको पोखरामा र सुदूरपश्चिमको धनगढीमा भदौ २५ गते अभिमुखीकरण हुने भएको छ।

अभियानबारे सातवटै प्रदेशका पार्टी कमिटीले स्थानीय तहसम्म जानकारी गराउने र हरेक क्षेत्रका नेता, कार्यकर्ता समयमा नै आफ्नो क्षेत्रमा पुगी अभियानमा सक्रिय सहभागिता जनाउनुपर्ने निर्देशन रहेको जसपा नेपालले जनाएको छ।

# साइकल जोगाउन खोज्दा मोटरसाइकल चालकको मृत्यु

प्रस, सर्लाही, ८ भदौ/

मोटरसाइकल दुर्घटनामा सर्लाहीको कविलासी नगरपालिका–४ हेमपुरका ४३ वर्षीय अरविन्दकुमार यादवको मृत्यु भएको छ। बरहथवा नगरपालिका वडा नं १० सीतापुरस्थित किसनपुर चोकमा शुक्रवार राति भएको दुर्घटनामा यादवको मृत्यु भएको हो।

मृतक यादव कविलासी नगरपालिका–४ का पूर्ववडाध्यक्ष हुन्। दुर्घटनामा यादवको मृत्यु भएको प्रहरीले शनिवार बिहान सञ्चारकर्मीलाई जानकारी गराएको छ।

कविलासी नगरपालिकाको पिपरियाबाट बरहथवातर्फ गइरहेको यादवले चलाएको प्रदेश २–०३–०२० प ३२४५ नम्बरको मोटरसाइकल गएराति ९:३० बजे एक्कासि सडकमा आएको एक साइकलयात्रीलाई जोगाउन खोज्दा दुर्घटना भएको थियो।

सो क्रममा साइकलसँग मोटरसाइकल ठोक्किन पुगेको घटनास्थलको प्रकृतिले देखाएको छ। घटनास्थलमैं यादवको निधन भएको सर्लाहीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले बताए।

साइकल, साइकलयात्रीको चप्पल र मोबाइलको खोल घटनास्थलमा फेला परेको छ, तर साइकल चालक भने फरार छन्। पूर्ववडाध्यक्षको घटनास्थलममैं मृत्यु भएपछि साइकल चालक डराएर फरार भएको हुन सक्ने प्रहरीको अनुमान छ।

साइकल चालकको खोजी भइरहेको र दुर्घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रउ सिंहले जानकारी दिए। यादवको टाउकाको पछाडि भागमा गम्भीर चोट लागेको छ।

मृतक यादव हाल नेकपा एमालेको सर्लाही जिल्ला कमिटीका सदस्य हुन्। उनी २०७४ सालको निर्वाचनमा सोही दलबाट वडाध्यक्षमा निर्वाचित भएका थिए।


## बाढीपहिरोबाट जोगिऔं

- जथाभावी सडक निर्माण, खोला उत्खनन र वनविनाशले बाढी पहिरो निम्त्याउने हुँदा:
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढी पहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको यकीन गरौं।

**बाढी पहिरोबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड







**अन्डाको ...**

सकिएको छैन।"

अन्डा उत्पादक कृषकहरू नेपाल लेयर्स कुखुरा पालक सङ्घ गठन गरेर बजारीकरणमा जुटेका छन्। सङ्घका अध्यक्षसमेत रहेका पोखरेलले ७५ प्रतिशत किसान विस्थापित भइसकेको उल्लेख गर्दै केही किसानहरू फेरि व्यवसायमा फर्किएको बताए। साउनमा बिक्री हुन बाँकी अन्डाहरू बिक्री भइसकेकाले अब केही सहज बन्ने पोखरेलको भनाइ छ।

खिलुङ काली पोल्ट्री फार्मका सञ्चालक भेषराज अर्यालले भदौ लागेसँगै व्रतहरू सकिएको, पहाडी क्षेत्रका केही भागका सडकमा केही सुधार आएको, चाडपर्व शुरू भएको, विद्यालय, क्याम्पस सञ्चालनमा आएका, पर्यटकको आगमन बढेकाले अन्डाको माग बढेको बताए।

उद्योग सङ्घ चितवनका पूर्वअध्यक्ष पोल्ट्री व्यवसायी त्रिलोचन कँडेलले माग बढेको तर उत्पादन घटेको बताए। झन्डै दुई महीना अघि २५ देखि २६ लाख दैनिक अन्डा उत्पादन हुँदै आएकामा अहिले घटेर २३ देखि २४ लाखमा झरेको उनले जानकारी दिए। केही महीनाअघि विज्ञहरूले अन्डाको लागत मूल्य प्रतिगोटा रु १६ दशमलव ५६ कायम गरेका थिए।

# खेलकूदको संसार

## ताप्लेजुङ गोल्डकपः सिराहा फाइनलमा

फुङलिङ (ताप्लेजुङ), ८ भदौ/रासस

अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकप अन्तर्गत शनिवार भएको दोस्रो सेमिफाइनल खेलमा सहलेश फूटबल क्लब, सिराहा फाइनलमा प्रवेश गरेको छ। ४–२ गोलअन्तरले बिर्तामोड फूटबल क्लब, झापालाई पछि पार्दै सिराहा फाइनलमा प्रवेश गरेको हो।



खेलको १८औं मिनेटमा सहलेश फूटबल क्लबका खेलाडी जुना ग्लोरीले पहिलो गोल गरेका थिए। त्यस्तै, प्रतिरक्षाका लागि खेल शुरू भएको ५६औं मिनेटमा बिर्तामोड क्लबका खेलाडी सञ्जय सुब्बाले गोल गरेसँगै खेल बराबर भएको थियो।

निर्धारित समयमा बराबर भएपछि १५ मिनेट समय थप गरिएको थियो। थप समयमा पनि गोल हुन नसकेपछि पेनाल्टीमा ४–२ गोलअन्तरले सिराहा फाइनलमा प्रवेश गरेको हो। सिराहाका खेलाडी जय गुरुङ, आदित्य शाक्य, सन्तोष खत्री र प्रवेश दनुवारले गोल गरेका थिए। त्यस्तै झापाका खेलाडी प्रदीप भण्डारी र रोहन कार्कीले मात्र गोल गर्दा खेल सिराहाको पक्षमा भएको थियो।

झापाले विभागीय टीम त्रिभुवन आर्मीलाई र सिराहाले पाँचथरलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका हुन्। शुक्रवार भएको पहिलो सेमिफाइनल खेलमा ताप्लेजुङको सङ्घर्ष स्पोर्टिङ फूटबल क्लबलाई २–१ ले पराजित गर्दै सगरमाथा युथ क्लब, मोरङ फाइनलमा प्रवेश गरेको छ। सोमवार मोरङसँग सिराहाले फाइनल खेलमा प्रतिस्पर्धा गर्नेछ।

विजेताले रु पाँच लाख र उपविजेताले रु दुई लाख ५० हजार ५५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

# सातजना महिलासहित ६८ जनाद्धारा रक्तदान

प्रस, वीरगंज, ८ भदौ/

पर्सा र बारामा शनिवार दुई स्थानमा भएको रक्तदान कार्यक्रममा सातजना महिलासहित ६८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।



बाराको निजगढमा श्रीकृष्ण प्रणामी जन्माष्टमीको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा सातजना महिलासहित ४५ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक मनीष कुमारले बताए। कार्यक्रममा रीना गौतम, सम्झना सुवेदी, सरीता सापकोटा, प्रकाश सापकोटा, बादल धिताल, श्याम तिमिल्सिना, दीपक सापकोटा, दोर्जे लामालगायतले रक्तदान गरेको उनले बताए।

यसैगरी, पर्साको तुलसीबर्वामा नेपाल रेडक्रस सोसाइटी उपशाखा तुलसीबर्वाले आयोजना गरेको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका थिए। केन्द्रका प्राविधिक प्रमुख पाण्डेयले जवाहर महतो, दीपु पाण्डे, सन्तोष कुमार, अरमान मियाँ, झपसी यादव, केशव तिवारी, उपेन्द्र महतो, दीपक महतो, उमेश राय, जलिल मियाँ धोबी, राहुलकुमार कानूलगायतले रक्तदान गरेका बताए।

# भौतिकवादी समाजको नवलपुरमा भेला सम्पन्न

प्रस, वीरगंज, ८ भदौ/

भौतिकवादी समाज नेपालको नवलपुरको कावासोती डन्डास्थित दलित सामुदायिक केन्द्रको सभाहलमा शनिवार प्रथम भेला सम्पन्न भएको छ।




समाजका अध्यक्ष बैधनाथ श्रमजीवीले भौतिकवादी समाज नेपालको सुरुआत २०७९ चैत ९ गते २३ मार्च नास्तिक दिवसको दिनमा भएको र अहिलेसम्म १० वटा जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर, सङ्खुवासभा, सुनसरी, धनुषा, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन र नवलपुरमा जिल्ला कार्यसमिति गठन भएको बताए।

भेलामा केन्द्रीय सदस्य गोविन्द विश्वकर्माले अन्धविश्वास के हो अन्धविश्वासले पारेका प्रभावहरू तथा अन्धविश्वास समाप्त पार्न सकिन्छ कि सकिंदैन भन्ने विषयमा प्रकाश पारेका थिए। सल्लाहकार किसन शर्माले कविताद्वारा भौतिकवादको औचित्य र धार्मिक समाजबारेमा विचार व्यक्त गरेका थिए। यसैगरी, प्रदेशसभा सदस्य दमयन्ती रुचालले हिजोआज कम्युनिस्ट नेताहरू भौतिकवादी हुने तर अध्यात्मवाद छोड्न नसक्ने व्यवहारले गर्दा भौतिकवाद बदनाम भएको बताइन्।

कार्यक्रममा पूर्ण प्रकाश, जिल्ला समन्वय समितिका प्रमुख बाबुराम विश्वकर्मालगायतले मन्तव्य व्यक्त गरेका थिए। भेलाले दलबहादुर विश्वकर्माको अध्यक्षतामा १३ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति नवलपुर गठन गरेको छ।

## अधिवेशन माग गर्दै प्रदर्शन

प्रस, वीरगंज, ८ भदौ/

नेपाल औषधि व्यवसायी सङ्घ पर्साको स्थगित निर्वाचन अविलम्ब गर्न माग गर्दै शनिवार औषधि व्यवसायीहरूले वीरगंजमा सडक प्रदर्शन गरे। नेपाल औषधि व्यवसायी सङ्घ पर्साको दोस्रो अधिवेशन गत असार ८ गते सम्पन्न भएको थियो तर विवाद भएपछि निर्वाचन प्रक्रिया भने स्थगित गरिएको थियो।

आज स्थगित निर्वाचनको माग गर्दै एकथरी व्यवसायीहरूले घण्टाघरबाट प्रदर्शन शुरू गरी सङ्घको कार्यालयमा कोणसभा गरेका थिए। अध्यक्ष पदका दावेदार मानव राजपालले आफ्नो जीत निश्चित भएकै कारण षडयन्त्र गरी निर्वाचन स्थगित गरिएको आरोप लगाए। सडक प्रदर्शनमा सहभागीहरूले चर्को नाराबाजी गरेका थिए। कोणसभामा पङ्कज साह, हफिजल्लाह, उज्ज्वल मणिले मन्तव्य व्यक्त गरेका थिए।